नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
पशु सेवा विभाग
पशु क्वारेन्टाईन कार्यालय
भैरहवा, रुपन्देही

प.सं: ०७८/७९

☎०७१-५७०३०६

## विषय: लिलाम विक्री सम्बन्धी सूचना ।

(प्रथम पटक सूचना प्रकाशित मिति २०७९।०२।२४)

यस कार्यालयका तपशिल बमोजिमका पुराना मालसामानहरु जे जस्तो अवस्थामा छन सोही अवस्थामा शिलवन्दी वोलपत्रको माध्यमबाट लिलाम विक्री गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति, फर्म वा संस्थावाट यो सूचना प्रथम पटक प्रकाशित मितिले ७ दिन भित्र यस कार्यालयवाट रु. १,०००।० (पछि फिर्ता नहुने गरी) तिरी वोलपत्र फाराम खरिद गरी ८ औं दिनको १२:०० बजे भित्र र उक्त दिन सार्वजनिक विदा परेमा त्यसपछि कार्यालय खुलेको दिनको १२:०० वजे भित्र निम्न लिखित शर्तहरुको अधिनमा रहि यस कार्यालयमा रितपुर्वक शिलवन्दी वोलपत्र दर्ता गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिल**

१. लिलाम विक्री गरिने मालसमानको विस्तृत विवरण वोलपत्र फाराममा उल्लेख गरिएको छ ।

| सि.नं. | सामानको विवरण | न्यूनतम मूल्य | कैफियत |
|---|---|---|---|
| १ | **फर्निचर तथा ईलेक्ट्रिक उपकरण एवं साइकल लगायतका जिन्सी सामानहरु** | **रु. २२,६९०।०० (अक्षरुपी बाइस हजार छ सय नब्बे रुपैया मात्र । भ्याट बाहेक ।)** | |

२. वोलपत्र साथ आफुले कवोल गरेको कुल अंकको १० प्रतिशतले हुने रकम कोष तथा लेखा नियन्त्रक कार्यालय, रुपन्देहीको कृषि विकास बैंक, भैरहवा स्थित हि.नं. ०४१४३०१०१४२५३०२७ धरौटी खातामा जम्मा गरेको सक्कलै बैंक भौचर संलग्न गरी कार्यालयबाट खरिद गरिएको वोलपत्र फाराम मै वोलकबोल रकम अंक र अक्षरमा खुलाई पेश गर्नुपर्ने छ ।

३. वोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ र न्युनतम मुल्य भन्दा घटी अंकको वोलपत्र स्वीकृत हुने छैन । वोलपत्र स्वीकृत भएपछि सो को सूचना पाएको मितिले १० दिन भित्र कवोल गरेको पुरा रकम वुझाई मालसामान उठाई लैजानु पर्नेछ अन्यथा प्रचलित ऐन नियामानुसार हुनेछ ।

४. लिलाम विक्री हुने मालसामानहरु यस कार्यालयको स्टोर/जिन्सी शाखामा सम्पर्क राखि हेर्न सकिने छ । यस सम्वन्धि अन्य कुरा वुझ्नु परेमा कार्यालयको टेलिफोन न ०७१-५७०३०६ मा सम्पर्क गर्न सकिनेछ ।

५. रितपुर्वक दर्ता हुन आएका सिलबन्दी वोलपत्र ८ औं दिनको ठिक १:०० बजे र उक्त दिन सार्वजनिक विदा परेमा त्यसपछि कार्यालय खुलेको दिनको १:०० बजे यस पशु क्वारेन्टाइन कार्यालय, भैरहवामा उपस्थित प्रतिनिधिहरुको रोहवरमा खोलिने छ र कुनै कारणवश प्रतिनिधी उपस्थीत हुन नसके पनि वोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।

६. अन्य शर्तहरुका हकमा आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली-२०७७ वमोजिम हुनेछ ।

(डा. भक्त निउरे)
कार्यालय प्रमुख